Jyoti Life

Jyoti Life Insurance Co. Ltd.
ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड

क.द नं. १६८१०५।०७३।७४

मिति : २०७९।०४।०५

च.नं : ६६।०७९।८०

श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री बीमा समिति, कुपण्डोल, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लि., सिहदरबार प्लाजा काठमाण्डौ ।

**विषय : विशेष साधारण सभा सम्बन्धी जानकारी ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति २०७९।०४।०५ गते अपरान्ह ३:३० बजे बसेको संचालक समितिको ११२ औ बैठकबाट कम्पनीको बिशेष साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय लिन मिति २०७९।०४।२४ गते मंगलवार Waterfront Resort Lakeside पोखरामा बस्ने निर्णय भएको ब्यहोरा जानकारीको लागि अनुरोध छ ।

**क) विशेष प्रस्तावहरु :**

१) (क) नियमनकारी निकायको निर्देशन तथा समयानुकुल पूँजि वृद्विको आवश्यकतालाई दृष्टिगत गरि अन्य कुनै जीवन बीमा कम्पनीसंग एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ति गर्ने प्रयोजनको लागि उपयुक्त जीवन बीमा कम्पनीको पहिचान तथा छनौट गर्ने एवं संचालक समिति समक्ष सोको जानकारी तथा सिफारिस गर्ने कार्यको लागि संचालक समितिबाट मर्जर समिति गठन गरिएको बारेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(ख) यस ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड र सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड एक आपसमा गाभ्ने, गाभिने सम्बन्धमा मर्जर समितिबाट पेश हुन आएको प्रारम्भिक सम्झौता पत्र (MOU) को मस्यौदा स्वीकृत गर्ने एवं सो सम्झौता पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि बीमा समिति समक्ष निवेदन दिने, शेयर कारोबार रोक्काको लागि पत्राचार गर्ने बिषयमा भएको संचालक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) कम्पनीको सम्पत्ती तथा दायित्वको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता तथा लेखापरिक्षकको नियुक्ती गर्ने सम्बन्धमा कम्पनीको सम्पत्ती तथा दायित्वको मुल्याङ्कन कार्य (DDA) गर्नका लागि संचालक समितिबाट मुल्याङ्कनकर्ता नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने गरि भएको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

२) एक आपसमा गाभ्ने गाभिने तथा प्राप्ती गर्ने प्रयोजनका लागि आवश्यकता अनुसार बिमाङ्कीय मुल्याङ्कनका लागि परामर्शदाता, मुल्याङ्कनकर्ता लगायत कानूनी परामर्शदाता र अन्य विज्ञ नियुक्त गर्ने, निजहरुको पारिश्रमिक तोक्ने तथा कम्पनी एक आपसमा गाभ्ने गाभिने सँग सम्बन्धीत प्रचलित नियम, कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य एवं प्रकृयाहरु पुरा गरि अख्तियर प्राप्त निकायबाट स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायले निर्देशन गरे बमोजिम बिवरणहरु उपलब्ध गराउने लगायत कम्पनी गाभ्ने गाभिने सम्बन्धी अन्य आवश्यक कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ज्योति लाईफ इन्स्योरेन्स कं. लि. नेपाल

३) कम्पनीमा संस्थापक समूह तथा सर्वसाधारण समूहको शेयर स्वामित्व संरचना ७०:३० को अनुपातमा रहेकोमा संस्थापक समूहको १९ प्रतिशत शेयर सर्वसाधारण शेयरमा परिवर्तन (Conversion) गरि कम्पनीको शेयर स्वामित्व संरचना ५१:४९ प्रतिशतको अनुपात कायम गर्ने सम्बन्धमा ।

४) उपरोक्त प्रस्ताव नं ३ को व्यवस्था समेत समावेश गरि कम्पनीको प्रबन्ध पत्र संशोधन गर्ने सम्बन्धमा ।

५) उपरोक्त प्रस्तावहरुको सम्बन्धमा सम्बन्धीत निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव दिएमा सोहि बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केहि हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणीत गर्न, दाखेल खारेज गर्न र सम्बन्धीत निकायबाट अभिलेख गराई लिन समेत संचालक समितिलाई अख्तियार दिने सम्बन्धमा ।

**ख) विविध**

भवदिय

ज्योति लाईफ इन्स्योरेन्स कं. लि. नेपाल

रामप्रसाद थपलिया

कम्पनी सचिव